# स्थानीय तहको कानून निर्माण प्रक्रिया एवं अभ्यास सम्बन्धमा स्थलगत अध्ययन, अनुगमन प्रतिवेदन

## (कोशी, गण्डकी र बागमती प्रदेश)

संघीय संसद

राष्ट्रिय सभा

**विधायन व्यवस्थापन समिति**

असार, २०८०

# भूमिका

राष्ट्रिय सभाको गठन नै सम्बन्धित प्रदेश स्तरमा प्रदेश सभाका सदस्य एवम्  स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलबाट हुने भएको हुँदा आफ्ना मतदाता र निर्वाचकमण्डलप्रतिको उत्तरदायित्वका रूपमा विधायन व्यवस्थापन समितिले स्थानीय तहको कानून निर्माण प्रक्रियाका सम्बन्धमा अध्ययन गरी यो प्रतिवेदन तयार पारिएको हो। समितिका माननीय सदस्यहरू दुई समूहमा विभाजित भई स्थानीय तहको कानून निर्माण प्रक्रिया एवं अभ्यास सम्बन्धमा अध्ययन गरिएको थियो। प्रस्तुत अध्ययनको नमूनाका रूपमा कोशी प्रदेशका तीनवटा स्थानीय तह, गण्डकी प्रदेशका तीन वटा स्थानीय तह र बागमती प्रदेशको एउटा स्थानीय तहलाई छनौट गरी अध्ययन गरिएको थियो। अध्ययनका क्रममा स्थानीय तहमा भएका असर अभ्यासहरूका बारेमा जानकारी लनुका साथै सिकाइ र साझेदारी भएको छ। समितिका सदस्यहरूको अनुभवले स्थानीय तहको कार्यसम्पादनमा समेत सकारात्मक प्रभाव छाड्न सकोस् भन्ने समितिको अपेक्षा समेत रहेको छ।

अध्ययनका आधारमा स्थानीय तहको कानून निर्माण प्रक्रियातथा सोसँग जोडिएका केही सान्दर्भिक विषयका सम्बन्धमा समेत प्रस्तुत प्रतिवेदनले केही सिफारिस गरेको छ। समितिले संघ, प्रदेश र स्थानीय तहका लागि बुँदागत रूपमा अलग-अलग सुझाव सिफारिस गरेको छ। ति सिफारिसहरूको प्रभावकारी कार्यान्वयन हुन सक्यो भने मात्र समितिको यस प्रयासको सार्थक परिणाम निस्कने छ।

अन्त्यमा यस अध्ययनको कार्यमा सहयोग गर्ने सम्बन्धत स्थानीय तहका प्रमुख तथा पदाधिकारी र समिति सचिवालयसहित सम्वद्ध सबैमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

(जयन्ती देवी राई)
सभापति,
विधायन व्यवस्थापन समिति

# सारांश

नेपालको संविधानले नेपालमा तीन तहको संघीय शासन प्रणालीको व्यवस्था गरेको छ । यही संवैधानिक व्यवस्था बमोजिम स्थानीय तहको पहिलो कार्यकाल पूरा भई दोस्रो कार्यकालको पनि एक वर्ष पूरा भएको छ। यसका साथै प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भई दोस्रो कार्यकाल सुचारू भई रहेको छ। राष्ट्रिय सभाले समेत आफ्नो ६ वर्ष पूरा गर्ने क्रममा रहेको छ। सवै तहका व्यवस्थापिकाहरूले एक कार्यकाल पूरा गरिसकेको यस अवस्थामा संघीय संसद अन्तर्गत राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले निर्णय गरे अनुरूप समितिका माननीय सदस्यहरू दुई समूहमा विभाजित भई स्थानीय तहको कानून निर्माण प्रक्रिया एवं अभ्यास सम्बन्धमा २०८० असार १३ गतेदेखि १६ गतेसम्म स्थलगत अध्ययन, अनुगमन एवं अन्तरक्रिया कार्यक्रम गरिएको थियो। नेपालको संविधानको धारा २३२ मा संघीय तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा हुने प्रबन्ध गरिएको छ। आ-आफ्ना अधिकारक्षेत्रमा तीन वटै तह स्वायत्त हुँदाहुँदै पनि समन्वय र सहकार्यमार्फत निर्दिष्ट कार्य र जिम्मेवारी प्राप्तितर्फ अगाडि बढ्नुपर्ने कुरालाई संविधानले समेत बाध्यात्मक बनाएको अवस्था छ।

कानून निर्माणको समग्र अवस्था हेर्दा स्थानीय तहहरूले जनताको सबैभन्दा नजिकको सरकारको हैसियतमा सेवा प्रवाह गर्न आवश्यक पर्ने कानूनी प्रबन्ध गर्दै अगाडि बढेको अवस्था छ। संस्थागत हुँदै गरेका स्थानीय तहहरूबाट केही नमूना पहल र प्रयासहरू समेत भएको पाइएता पनि कतिपय प्रक्रियागत विषय तथा क्षेत्राधिकारका विषयमा समस्याहरू रहेको पाइयो। स्थानीय तहको कानून निर्माण प्रक्रियालाई दृष्टिगत गर्दा स्थानीय तहबाट हुने सेवा प्रवाहलाई सूचारू बनाउने गरी जहाँ समस्या पर्छ तत्काल समस्या परेका विषयमा कानूनी प्रबन्ध गर्ने गरेको पाइयो। यद्यपी ति प्रबन्धहरू पर्याप्त र पूर्ण हुन नसकेको पाइएका छन्। कतिपय विधायिकी कानून बन्नु पर्ने विषयहरू समेत कार्यविधि, निर्देशिका मापदण्डजस्ता कार्यविधिगत उपकरणहरूबाट सम्बोधन भएको पाइयो, जसलाई व्यवस्थापिकीय अङ्ग र कार्यपालिकीय अङ्गबीचको शक्ति सन्तुलनका दृष्टिले उपयुक्त मान्न सकिँदैन। त्यसमा स्थानीय तहहरूले आफूलाई सुधार गरी संस्थागत बनाउँदै दिगो समाधान खोज्नुपर्ने देखिन्छ। समग्रमा धेरै उत्साजनक मान्न नसकिएतापनि धेरै असल अभ्यासहरूको सुरूवात भएको पाइएको छ। ती असल अभ्यासहरूलाई संस्थागत गर्दै स्रोत र साधनले युक्त बनाउँदै लैजान सके स्थानीय तहको विधायिकी अधिकारको प्रभावकारी उपयोग हुनुका साथै स्थानीय तहहरूलाई संस्थागत गर्न समेत योगदान पुग्ने देखिन्छ।

# विषय सूची


भूमिका.......................................................................................................... i

विषय सूची.................................................................................................... iii

**परिच्छेद एक**

**परिचय**

१.१ पृष्ठभूमि.................................................................................................... १

१.२ उद्देश्य ....................................................................................................... ३

१.३ कार्यक्रम सञ्चालन र अध्ययन विधि ................................................................. ३

१.४ अध्ययनको सीमा ......................................................................................... ३

**परिच्छेद दुई**

**स्थलगत अध्ययन र कानून निर्माणको अवस्था**

२.१ भक्तपुर नगरपालिका, भक्तपुर........................................................................ ४

२.२ इटहरी उपमहानगरपालिका, सुनसरी................................................................ ५

२.३ रंगेली नगरपालिका, मोरङ............................................................................ ६

२.४ चौबिसे गाउँपालिका, धनकुटा ........................................................................ ७

२.५ पोखरा महानगरपालिका, कास्की ..................................................................... ७

२.६ अन्नपूर्ण गाउँपालिका, कास्की ......................................................................... ९

**परिच्छेद तीन**

**स्थानीय तहको कानून निर्माण प्रक्रिया र कानून निर्माणको स्थिति**

३.१ कानून निर्माण प्रक्रिया..................................................................................... १०

३.२ कानून निर्माणको स्थिति .................................................................................. १०

**परिच्छेद चार**

**स्थानीय कानून निर्माणमा देखिएका सबल पक्ष, समस्या तथा चुनौति**

४.१ सबल पक्ष..................................................................................................... १२

४.२ समस्या तथा चुनौति......................................................................................... १२

**परिच्छेद पाँच**

**निष्कर्ष र सुझाव**

५.१. निष्कर्ष....................................................................................................... १५

५.२. सुझाव...................................................................................................... 16१६

**अनुसूची**

अध्ययनका क्रममा सहजीकरणका लागि तयार पारिएको प्रश्नावली................................... १८

# परिच्छेद एकः
# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ५ देखि अनुसूची ९ सम्म संघ प्रदेश र स्थानीय तहका एकल अधिकार सूची र साझा अधिकार सूचीको व्यवस्था गरिएको छ। सोही अधिकार विन्यासको सूचीमा आधारित भएर तीनै तहले आ-आफ्नो अधिकार क्षेत्रका कानून निर्माण गर्न सक्दछन्। प्रदेशको कानून संघीय कानूनसँग र स्थानीय तहको कानून सम्बन्धित प्रदेश कानूनसँग बाझिन नहुने र बाझिएमा बाझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था रहेको छ।

संघीय कानून नेपालभर र नेपालको कुनै क्षेत्रमा मात्र लागु हुने गरी बनाउन सकिने, प्रदेश कानून प्रदेशभर र आवश्यकता अनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागु हुने गरी बनाउन सकिने र स्थानीय तहले बनाएको कानून सम्बन्धित स्थानीय तहमा मात्र लागु हुने व्यवस्था छ। संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूची अन्तर्गत २२ वटा विषयहरू सूचीकृत छन्। स्थानीय तहको कानून बनाउने अधिकार गाउँ सभा र नगर सभामा निहित छ। गाउँ सभा तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ ले स्थानीय तहमा कानून निर्माण प्रक्रियाको बारेमा व्यवस्था गरेको छ।

नेपालको संविधानको धारा ९७ र धारा १०४ ले संघीय संसद अन्तर्गत समिति गठन गर्न सकिने व्यवस्था गरेको छ। राष्ट्रिय सभा नियमावली २०७५ को नियम १४७ मा राष्ट्रिय सभाको नियमित काममा सहयोग पुऱ्याउन विषयगत समितिहरू गठन गर्न सकिने व्यवस्था रहेको छ। विधायन व्यवस्थापन समिति विधायिकी कार्यमा सहयोग पुऱ्याउन गठन भएको राष्ट्रिय सभा अन्तर्गतको स्थायी विषयगत समिति हो। यसको कार्यक्षेत्रभित्र मूलतः विधायिकी कार्य, ऐन कार्यान्वयन मापन र अध्ययन, अनुसन्धानका विषयहरू सेमत रहेको छ। राष्ट्रिय सभाका सदस्यहरू प्रदेश र स्थानीय तहका जनप्रतिनिधिबाट निर्वाचित हुने हुनाले राष्ट्रिय सभाको प्रदेश र स्थानीय तहप्रति अझ बढी जिम्मेवारी रहेको छ। नियमावलीको नियम २२६क. ले आफ्नो निर्वाचन क्षेत्रको सुव्यवस्था लगायतका विषयमा अध्ययन गरी प्रतिवेदन दिन सक्ने प्रबन्ध गरेबाट पनि समिति आफ्नो क्षेत्राधिकारको विषयमा प्रदेश तथा स्थानीय तहको कानून निर्माण तथा कार्यान्वयनको विषयमा अध्ययनका लागि गएको थियो।

यसै प्रयोजन स्वरूप बागमती प्रदेशको भक्तपुर नगरपालिका, कोशी प्रदेशका सुनसरी, मोरङ, धनकुटा जिल्लाका एक-एक स्थानीय तह तथा गण्डकी प्रदेशको कास्की जिल्लाका दुई वटा स्थानीय तह गरी जम्मा छ वटा स्थानीय तहहरूमा अध्ययन, अनुगमन र अन्तरक्रिया गरिएको थियो। कार्यक्रम अनुसार २०८० असार १३ गते भक्तपुर नगरपालिकामा विधायन व्यवस्थापन समितिका सबै सदस्यहरूको सहभागितामा अध्ययन भएको थियो भने १४ देखि १६ गतेसम्म कोशी प्रदेश अन्तर्गत सुनसरीको इटहरी उपमहानगरपालिका, मोरङको रंगेली नगरपालिका र धनकुटाको चौबिसे गाउँपालिका र गण्डकी प्रदेश अन्तर्गत कास्कीका पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिकामा स्थलगत अध्ययन, अनुगमन र अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। त्यस अवसरमा सम्बन्धित स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष तथा जनप्रतिनिधिहरू र प्रमुख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरूको सहभागिता रहेको थियो।

समितिको मिति २०८० असार ११ गतेको निर्णय अनुसार कोशी प्रदेश र गण्डकी प्रदेशतर्फको अध्ययन टोलीमा देहायमा माननीय सदस्यहरू रहनुभएको थियोः-

- कोशी प्रदेशतर्फको अध्ययन टोलीमा रहनुभएका माननीय सदस्य तथा कर्मचारीहरूः
    - माननीय सदस्य अनिता देवकोटा,
    - माननीय सदस्य गंगा कुमारी बेल्बासे,
    - माननीय सदस्य तारामान स्वाँर,
    - माननीय सदस्य देवेन्द्र दाहाल,
    - माननीय सदस्य भगवती न्यौपाने,
    - माननीय सदस्य राधेश्याम पासवान र
    - सचिवालयका तर्फबाट शाखा अधिकृत प्रकाश ज्ञवाली ।
- गण्डकी प्रदेशतर्फको अध्ययन टोलीमा रहनुभएका माननीय सदस्य तथा कर्मचारीहरूः
    - माननीय सभापति जयन्ती देवी राई,
    - माननीय सदस्य उदय बहादुर बोहरा,
    - माननीय सदस्य खिमलाल देवकोटा,
    - माननीय सदस्य नारायण दत्त मिश्र,
    - माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ,
    - माननीय सदस्य सुरेश कुमार आलेमगर र
    - सचिवालयका तर्फबाट शाखा अधिकृत सुनिल सुवाल।

## १.२ उद्देश्य

यो कार्यक्रमको मुख्य उद्देश्य स्थानीय तहमा विद्यमान कानून निर्माणको अवस्था, प्रक्रियाको बारेमा जानकारी लिँदै कानुन निर्माणको सिलसिलामा हासिल भएका मुख्य उपलब्धीहरू, चुनौती एवं समस्याहरू, त्यसका लागि जिम्मेवार निकाय एवं कारक तत्व र अबको कार्यदिशाका बारेमा छलफल गर्नु रहेको थियो। त्यसका अतिरिक्त तीनवटै व्यवस्थापिकीय तहमा रहेका असल अभ्यासहरूको साझेदारी र सिकाई आदान-प्रदान गर्नु यस अध्ययनको उद्देश्य रहेको थियो।

## १.३ कार्यक्रम सञ्चालन र अध्ययन विधि

स्थानीय तहको कानून निर्माणको अवस्थाको अध्ययन प्रयोजनार्थ अध्ययन गरिनु पर्ने विषयहरूको सूची (चेकलिष्ट) निर्माण गरी सोही सीमाभित्र रही अध्ययन कार्य गरिएको थियो। छलफल र अन्तरक्रियाका माध्यमबाट स्थानीय तहमा कानून निर्माणका समस्या र असल अभ्यासहरूका बारेमा जानकारी हासिल गरिएको थियो ।

## १.४ अध्ययनको सीमा

प्रस्तुत अध्ययन स्थानीय तहको कानून निर्माणको प्रक्रिया र त्यससँग जोडिएका विषयमा सिमित रहेको थियो। संघीय तहहरूबीच अन्तरतह सम्बन्धका धेरै विषयहरू रहेतापनि विधायिकी अन्तरसम्बन्धमा मूलत केन्द्रित रही अध्ययन, अनुगमन र छलफल गरिएको थियो। प्रतिवेदनमा अध्ययन समूहलाई प्राप्त कार्यदिशको सिमाभित्र रही कानून निर्माणसँग सम्बन्धित विवरणलाई मुख्य आधार मानिएको छ। तीन प्रदेशका पाँच जिल्लाका ६ वटा स्थानीय तहको छलफलमा आधारित भई तयार गरिएको प्रतिवेदन भएको हुनाले यहाँ चर्चा गरिएको अवस्था र नतिजा अन्य स्थानीय तहसँग दुरूस्तै मेल नखान सक्दछ।

# परिच्छेद दुईः
# स्थलगत अध्ययन


अध्ययनका लागि समितिले चयन गरेका पाँच जिल्लाका छवटा स्थानीय तहको अध्ययन भ्रमण गरिएको थियो। अध्ययन गरिएका स्थानीय तहहरूको कार्यक्रमको संक्षिप्त विवरण यस खण्डमा प्रस्तुत गरिएको छ।

## २.१ भक्तपुर नगरपालिका, भक्तपुर

**<u>कार्यक्रम भएको मिति</u>**: २०८० असार १३ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र भक्तपुर नगरपालिका, भक्तपुरबीच स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। नगरप्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका सदस्यहरू, पालिका उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, निर्वाचित अन्य जनप्रतिनिधिहरू, कानून मस्यौदा समितिका पदाधिकारीहरू लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

नगरप्रमुख प्रजापतिले कानून निर्माणका अभ्यास र प्रक्रियाबारे जानकारी गराउनु भएको थियो। भक्तपुर नगरपालिकाले अध्ययन मितिसम्म जम्मा ५६ वटा कानून निर्माण गरेकोमा ऐन २५, नियमावली ३, विनियम ६, कार्यविधि १३, निर्देशिका ९ र नीति १ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।




## २.२ इटहरी उपमहानगरपालिका, सुनसरी

**<u>कार्यक्रम भएको मिति</u>**: २०८० असार १४ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र इटहरी उपमहानगरपालिका, सुनसरीबीच स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उपमहानगरप्रमुख हेमकर्ण पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका माननीय सदस्यहरू, पालिका उपप्रमुख संगीता चौधरी, प्रमुख प्रशासकीय अधिकृत रामचरित्र मेहता, निर्वाचित अन्य जनप्रतिनिधिहरू, कानून मस्यौदा समितिका पदाधिकारीहरू लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा नगरप्रमुख पौडेलले समग्र स्थानीय तहको वस्तुस्थिति र सञ्चालित कार्यक्रमहरूको बारेमा प्रकाश पार्नुभएको थियो। प्रमुख प्रशासकीय अधिकृत रामचरित्र मेहताले विधायन व्यवस्थापन समितिबाट प्राप्त चेकलिष्ट अनुसार प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। कानून समितिका कानून अधिकृत कमलप्रसाद पोखेलले स्थानीय तहको समग्र कानून निर्माण प्रक्रिया तथा कानून निर्माणको प्रगति, कानून निर्माण सम्बन्धी समस्याहरू प्रस्तुत गर्नु भएको थियो। उपप्रमुख चौधरीले न्यायिक कार्यसम्पादनको विवरण प्रस्तुत गर्नुभयो। अन्य सहभागीहरूले समेत कानून निर्माण सम्बन्धी विषयहरू तथा समग्र विकास निर्माणका व्यवधानहरूमा आ-आफ्नो धारणा व्यक्त गर्नुभयो। विधायन व्यवस्थापन समितिका माननीय सदस्यहरूले प्राप्त जानकारी उपर आ-आफ्नो पृष्ठपोषण दिँदै सुधार गर्न सकिने पक्षका बारेमा सुझावहरू प्रस्तुत गर्नु भएको थियो।

इटहरी उपमहानगरपालिकाले अध्ययन मितिसम्म जम्मा ८९ वटा कानून निर्माण गरेकोमा ऐन ४३, नियमावली ११, कार्यविधि २२, निर्देशिका २, मापदण्ड ९ र अन्य ३ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।




## २.३ रंगेली नगरपालिका, मोरङ

**<u>कार्यक्रम भएको मिति</u>**ः २०८० असार १५ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र रंगेली नगरपालिका, मोरङबीच स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। नगरप्रमुख दिलिपकुमार अग्रवालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका सदस्यहरू, प्रतिनिधि सभा सदस्य ऋषिकेश पोख्रेल, नगरउपप्रमुख भूमा कुमारी पराजुली, प्रमुख प्रशासकीय अधिकृत ओमकार प्रसाद न्यौपाने, निर्वाचित अन्य जनप्रतिनिधिहरू र पालिकाका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

कार्यक्रममा नगराप्रमुख अग्रवालले पालिकाको समग्र अवस्था, विकास निर्माणको प्रगति तथा समस्याहरू र स्थानीय तहहरूको कार्यसम्पादनमा परेका समस्याहरूको बारेमा आफ्नो मन्तव्य व्यक्त गर्नुभयो। तत्पश्चात् प्रमुख प्रशासकीय अधिकृत न्यौपानेले पालिकाको कानून निर्माण प्रक्रिया कानून निर्माणको अवस्था र कानून निर्माण गर्दा भोगेका समस्या र चुनौतीहरूको बारेमा प्रस्तुति दिनुभयो। नगरपालिकाकी उपप्रमुख पराजुलीले न्यायिक कार्यसम्पादनको अनुभूति सुनाउँदै समग्र न्याय सम्पादन प्रगतिको अवस्था र चुनौतिहरूको बारेमा जानकारी दिनुभयो।

रंगेली नगरपालिकाले अध्ययन मितिसम्म जम्मा ६० वटा कानून निर्माण गरेकोमा ऐन २३, नियमावली ५, कार्यविधि २९ र निर्देशिका ३ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।




## २.४ चौबिसे गाउँपालिका, धनकुटा

**कार्यक्रम भएको मिति**: २०८० असार १६ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र चौबिसे गाउँपालिका, धनकुटाबीच स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। गाउँपालिकाका अध्यक्ष राजकुमार चेम्जोङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका सदस्यहरू, उपाध्यक्ष टंकमाया पाङमी मगर, प्रमुख प्रशासकीय अधिकृत पर्शुराम दाहाल, निर्वाचित अन्य जनप्रतिनिधिहरू, पालिकाका विधायन समितिका पदाधिकारीहरू लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

चौबिसे गाउँपालिकाले अध्ययन मितिसम्म जम्मा ५९ वटा कानून निर्माण गरेकोमा ऐन १५, नियमावली ५, कार्यविधि २८, निर्देशिका १० र मार्गदर्शन १ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।





## २.५ पोखरा महानगरपालिका, कास्की

**कार्यक्रम भएको मिति**: २०८० असार १५ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र पोखरा महानगरपालिका, कास्कीको आयोजनामा स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका माननीय सभापति, माननीय सदस्यहरू, महानगरपालिका उपप्रमुख

मञ्जुदेवी गुरुङ, व्यास नगरपालिका प्रमुख बैकुण्ठ न्यौपाने, उपप्रमुख इन्दिरा दरै, कावासोती नगरपालिका प्रमुख विष्णु प्रसाद भुसाल, गैंडाकोट नगरापालिका प्रमुख मदनभक्त अधिकारी, भिरकोट नगरपालिका प्रमुख गोविन्द कुमार कर्माचार्य, भिरकोट नगरपालिका उपप्रमुख भगवती रेग्मी अर्याल, प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारती, निर्वाचित अन्य जनप्रतिनिधिहरू, विधायन समितिका पदाधिकारीहरू लगायतका कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा महानगरप्रमुख आचार्यले समग्र पालिकाको कानून निर्माणको वस्तुस्थिति र सञ्चालित कार्यक्रमहरूको बारेमा प्रकाश पार्नुभएको थियो र कार्यक्रमको प्रमुख उद्देश्यका सम्बन्धमा विधायन व्यवस्थापन समितिका माननीय सदस्य डा. खिमलाल देवकोटाले समितिका तर्फबाट आफ्नो धारणा राख्नु भएको थियो । पालिकाको समग्र कानून निर्माण प्रक्रिया तथा कानून निर्माणको प्रगति, कानून निर्माण सम्बन्धी समस्याहरूका सम्बन्धमा विधायन समितिका संयोजक पुष्पेन्द्र पाण्डेले आफ्नो धारणासहितको विवरण प्रस्तुत गर्नु भएको थियो। पोखरा महानगरउपप्रमुख गुरुङले न्यायिक समितिले सम्पादन गरेको कार्यहरू विवरण एवं त्यस समितिको समस्या र चुनौतीहरू प्रस्तुत गर्नुभयो। साथै कार्यक्रममा सहभागी हुनुभएका अन्य नगरपालिका प्रमुखबाट आ-आफ्नो पालिकाको कानून निर्माण सम्बन्धी विषयहरू तथा समग्र विकास निर्माणका व्यवधानहरूका सम्बन्धमा आ-आफ्नो धारणा राख्नु भयो। विधायन व्यवस्थापन समितिका माननीय सदस्यहरूले प्राप्त जानकारी उपर आ-आफ्नो पृष्ठपोषण दिँदै सुधार गर्न सकिने पक्षका बारेमा सुझावहरू प्रस्तुत गर्नु भएको थियो।

पोखरा महानगरपालिकाले अध्ययन मितिसम्म जम्मा ११३ वटा कानून निर्माण गरेकोमा ऐन ३०, नियमावली १२, कार्यविधि ३७, निर्देशिका २३, मापदण्ड ४, नीति ५ र आचारसंहिता २ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।




## २.६ अन्नपूर्ण गाउँपालिका, कास्की

**<u>कार्यक्रम भएको मिति</u>**: २०८० असार १५ गते

राष्ट्रिय सभा विधायन व्यवस्थापन समिति र अन्नपूर्ण गाउँपालिका, कास्कीबीच स्थानीय तहमा कानून निर्माण प्रक्रिया र अभ्यास सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। पालिका प्रवक्ता भरतमान गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा भ्रमणमा सहभागी विधायन व्यवस्थापन समितिका माननीय सभापति, माननीय सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटा, निर्वाचित अन्य जनप्रतिनिधिहरू, पालिकाको विधायन समितिका पदाधिकारीहरू लगायतका कर्मचारीहरूको उपस्थिति रहेको थियो।

विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईले कार्यक्रमको प्रमुख उद्देश्यका सम्बन्धमा प्रकाश पार्नु भयो। कार्यक्रममा गाउँपालिकाको विधायन समितिको संयोजक एकदेव देवकोटाले समग्र कानून निर्माण प्रक्रिया, अवस्था र समस्याका सम्बन्धमा आफ्नो कुरा राख्नु भयो। तत्पश्चात् प्रमुख प्रशासकीय अधिकृत देवकोटाले पालिकाको कानून निर्माण प्रक्रिया, कानून निर्माणको अवस्था र कानून निर्माण गर्दा भोगेका समस्या र चुनौतीहरूको बारेमा आफ्नो धारणा राख्नु भयो। विधायन व्यवस्थापन समितिका माननीय सदस्यहरूले अन्तरक्रियामा व्यक्त धारणाप्रति पृष्ठपोषण दिँदै सुधार गर्न सकिने पक्षका बारेमा सुझावहरू प्रस्तुत गर्नु भएको थियो। पालिकाको प्रवक्ता गुरुङले पालिकाको समग्र अवस्था, विकास निर्माणको प्रगति तथा समस्याहरू र स्थानीय तहहरूको कार्यसम्पादनमा परेका समस्याहरूको बारेमा आफ्नो मन्तव्य व्यक्त गर्दै कार्यक्रम समापन गर्नु भयो। अन्नपूर्ण गाउँपालिकाले अध्ययन मितिसम्म जम्मा ४२ वटा कानून निर्माण गरेकोमा ऐन १२, नियमावली २, कार्यविधि २४ र निर्देशिका ४ रहेको पाइयो। कानून निर्माणको अवस्था देहाय बमोजिम चित्रमा प्रस्तुत गरिएको छ।



# परिच्छेद तीनः
# स्थानीय तहको कानून निर्माण प्रक्रिया र कानून निर्माणको स्थिति

## ३.१ कानून निर्माण प्रक्रिया

नेपालको संविधानको धारा २२६ को उपधारा (२) मा स्थानीय तहको कानून निर्माण सम्बन्धी प्रक्रिया सम्बन्धित प्रदेशले बनाएको कानून बमोजिम हुने प्रबन्ध गरिएको छ। सोही बमोजिम सातवटै प्रदेशहरूले स्थानीय तहको कानून निर्माण सम्बन्धी कानून बनाई लागू गरेको पाइन्छ। सोही कानून बमोजिम स्थानीय तहको कानून निर्माण प्रक्रिया निर्देशित रहेको छ। कतिपय सन्दर्भमा फरक फरक अभ्यास रहेतापनि अध्ययन गरिएको स्थानीय तहहरूले कानून निर्माण गर्दा मूलतः देहायको प्रक्रिया अवलम्बन गरेको पाइयोः-


- कार्यालयको सम्बन्धित शाखाले स्थानीय तहको विधायन समितिसँग समन्वय गरी मस्यौदा तयार गर्ने,
- मस्यौदामाथि सरोकारवाला तथा विज्ञसँग छलफल गरी अन्तिम मस्यौदा तयार गर्ने,
- उक्त मस्यौदा कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेश गर्ने,
- सभाबाट पारित गरी पालिका प्रमुखबाट प्रमाणित गर्ने, र
- राजपत्रमा प्रकाशित गर्ने।

## ३.२ कानून निर्माणको स्थिति

अध्ययन गरिएका स्थानीय तहलाई नमूनाका रूपमा लिई गरिएको प्रस्तुत अध्ययनमा अध्ययन गरिएका स्थानीय तहहरूको कानून निर्माणको स्थिति हेर्दा ३५ प्रतिशत ऐन, ९ प्रतिशत नियमावली, १२ प्रतिशत निर्देशिका, ३६ प्रतिशत कार्यविधि र बाँकी विनियम, मापदण्डजस्ता कानूनहरू तर्जुमा भएको पाइयो। गाउँ नगरसभाले बनाउने कानून अर्थात् ऐनबाट स्थानीय तहहरूको सञ्चालन हुनुपर्नेमा सबैभन्दा बढी अर्थात् ३६ प्रतिशत कार्यविधि रहेको पाइएबाट स्थानीय तहमा समेत गाउँ/नगर सभाभन्दा गाउँ/नगर कार्यपालिका हावी भैरहेका त छैनन् भन्ने प्रश्न उठ्ने अवस्था समेत रहेको छ। अध्ययन गरिएका स्थानीय तहहरूको कानून निर्माणको अवस्था देहाय बमोजिम तालिका र चित्रमा प्रस्तुत गरिएको छ।

तालिका १: स्थानीय तहहरूको कानून निर्माण स्थिति

| स्थानीय तह | ऐन | नियमावली | निर्देशिका | कार्यविधि | मापदण्ड | विनियम | मार्गदर्शन | नीति | आचार संहिता | अन्य | कूल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भक्तपुर | २५ | ३ | ९ | १३ | ० | ६ | ० | १ | ० | ० | ५६ |
| इटहरी | ४३ | ११ | २ | २२ | ९ | ० | ० | ० | ० | ३ | ८९ |
| रंगेली | २३ | ५ | ३ | २९ | ० | ० | ० | ० | ० | ० | ६० |
| चौविसे | १५ | ५ | १० | २८ | ० | ० | १ | ० | ० | ० | ५९ |
| पोखरा | ३० | १२ | २३ | ३७ | ४ | ० | ० | ५ | २ | ० | ११३ |
| अन्नपूर्ण | १२ | २ | ४ | २४ | ० | ० | ० | ० | ० | ० | ४२ |
| कूल | १४८ | ३८ | ५१ | १५३ | १३ | ६ | १ | ६ | २ | ३ | ४१९ |




चित्र १: स्थानीय तहहरूको कानून निर्माण स्थिति

# परिच्छेद चारः
# स्थानीय कानून निर्माणमा देखिएका सबल पक्ष, समस्या तथा चुनौति

अध्ययनका क्रममा स्थानीय तहहरूमा केही सकारात्मक पक्ष तथा तहपिच्छे फरक प्रकृतिका समस्याहरू रहेको पाइएको थियो। समग्रमा स्थानीय तहबाट सेवा प्रवाहको काम भैरहेतापनि कानूनी रिक्तता पूर्ति गर्ने सम्बन्धमा यथोचित प्रक्रियाबाट प्रयासहरू हुन नसकेको समेत पाइएको थियो। स्थानीय तहमा पहिलो पाँच वर्ष पूरा भई नयाँ नेतृत्वको आगमन समेत भैसकेको सन्दर्भमा हेर्दा कानून निर्माणलगायत अन्य विषयमा समेत कतिपय पहल र प्रयत्नहरू संस्थागत हुन नसकी तदर्थतामा रहेको समेत पाइएको थियो।

अध्ययनका क्रममा पाइएका सबल पक्ष र समस्या तथा चुनौतिलाई समग्रमा यहाँ प्रस्तुत गरिएको छ।

## ४.१ सबल पक्ष

- स्थानीय तहमा कानून मस्यौदा समिति रहेको,
- सरकारी सेवाका स्थायी कर्मचारीको दरवन्दी नरहेतापनि केही स्थानीय तहमा आफ्नै प्रयासमा कानूनी जनशक्तिको प्रबन्ध गरिएको,
- संशोधनका विषयमा छलफल हुने गरेको,
- एकल अधिकार र साझा अधिकारका कानूनहरू बनेका,
- मस्यौदामा राय परामर्श गर्दा विज्ञ, सरोकारवाला र स्थानीय तरमा उपलब्ध कानूनका विज्ञसँग छलफल गर्ने गरिएको,
- स्थानीय आवश्यकता र परिवेशका आधारमा कानून निर्माण गर्ने प्रयासहरू भएको,
- स्थानीय तहमा विधायन समिति रहेको,
- फरक मतबारे विधायन समितिमा छलफल हुने गरेको,
- कानून कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्न सुशासन समितिको व्यवस्था रहेको, र
- स्थानीय तह आफैंले कानून निर्माण गरी कार्यान्वयन गर्ने अधिकार रहेको।

## ४.२ समस्या तथा चुनौति

- स्थानीय तहलाई साझा अधिकारका विषयमा कानून बनाउन अप्ठ्यारो तथा द्विविधा रहेको,
- संघीय निजामती ऐन नहुँदा स्थानीय सेवाको सञ्चालन र कर्मचारी व्यवस्थापनमा समस्या रहेको,
- घरबहाल कर, ठूला संघसंस्था तथा कम्पनीको कर माथिल्लो तहमा दाखिला हुने हुँदा स्थानीय तहको राजस्व संकलनमा संकुचन भएको र यसलाई नियमन गर्न समेत नसकिएको,

- नदीजन्य पदार्थको शुल्क निर्धारण तथा उत्खननमा स्पष्ट कानूनी व्यवस्था नहुँदा समस्या परेको,
- नगर प्रहरीको अधिकारका विषयमा अन्यौलता रहेको,
- स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐनमा समसामयिक संशोधन आवश्यक रहेको, नियमावली बन्न नसक्दा समस्या भएको,
- न्यायिक समितिको निर्णय पालनामा नेपाल प्रहरीको प्रयोग र परिचालनमा कानूनी अड्चन रहेको,
- वन सम्बन्धी कानूनको कारणले गर्दा नदीजन्य पदार्थको उपयोग र उत्खननमा समस्या रहेको, संरक्षण क्षेत्रभित्र स्थानीय तहका अधिकारको उपयोगमा समस्या रहेको,
- कानून निर्माणका प्रक्रिया पूर्ण रूपमा पालना नहुने गरेको, कुनै सदस्यले व्यक्त फरक मत अभिलेखवद्ध गर्ने परिपाटी नरहेको,
- प्रदेशको कानून/अध्यादेशले स्थानीय तहको अधिकारलाई छेक्ने वा व्यवधान खडा गर्ने गरेको,
- प्रदेश र स्थानीय तहबीच समन्वयको समस्या रहेको,
- खानेपानी सम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयन गर्न नसकिएको,
- कानून अभावमा राजस्व संकलन र स्थानीय तहमा व्यवसाय दर्तामा कठिनाई उत्पन्न भएको,
- आवश्यकता अनुसार विषयविज्ञताको कमी रहेको, कानून निर्माणमा दक्ष जनशक्तिको अभाव रहेको,
- तीन तहबीच कार्यक्षेत्रगत दोहोरोपना तथा द्विविधा रहेको,
- कानून निर्माणपूर्व विषयगत अध्ययन, अनुसन्धान हुन नसकेको,
- जनताले अपेक्षा गरे अनुरूप कानून निर्माण हुन नसकेको,
- हतारमा कानून बनाउँदा आवश्यक कुराहरू छुट्न जाने र अन्य कानूनसँग बाझिने गरेको,
- प्रत्यायोजित अधिकारमा ऐन अन्तर्गत नियम बन्नु पर्नेमा सारभूत विषयमा समेत नियम बन्ने गरेको,
- कानून निर्माणमा कानून निर्माणका निर्धारित प्रक्रिया अबलम्बन गर्न नसकिएको,
- नीति निर्माणमा अनावश्यक दबाब सिर्जना हुने गरेको,
- आफ्नो भौगोलिक अवस्था अनुरूप कानून बनाउन नपाएको तथा स्थानीय आवश्यकतालाई मध्यनजर गरेर बनाएको कानून प्रदेश र संघसँग नमिल्ने र अदालतले कार्यान्वयन गर्न रोक्ने गरेको,
- शिक्षा, भाषा जस्ता विषयहरूमा प्रदेश र केन्द्रले गर्दा स्थानीय तहलाई समस्या पारेको,
- कानून कार्यान्वयन मापन गर्ने किटानी व्यवस्था नभएको,
- संघबाट बन्नु पर्ने संघीय निजामती कानून, संघीय शिक्षा कानूनजस्ता आधार र मापदण्ड तोकिने कानूनहरू समयमा बन्न नसक्दा स्थानीय तहमा त्यससँग सम्बन्धपित कानून निर्माण र विषयको नियमन गर्नमा समस्या रहेको,

- जनप्रतिनिधिहरूमा कानून निर्माणको प्रक्रियाको बारेमा पर्याप्त ज्ञानको अभाव रहेको, र
- संघीय निजामती कानून, संघीय शिक्षा कानूनजस्ता विषयमा संघ र प्रदेशले बनाउनु पर्ने कानून नबनाउँदा स्थानीय तहले कानून बनाउन नपाएको र बनाएका कानूनहरू पुरानो कानूनसँग बाझिएकाले कार्यान्वयन हुन नसकेको।

# परिच्छेद पाँचः
# निष्कर्ष र सुझाव

## ५.१. निष्कर्ष

राष्ट्रिय सभाको निर्वाचन नेपालको संविधानको धारा ८६ मा व्यवस्था भएबमोजिम प्रदेश सभाका सदस्य र स्थानीय तहका प्रमुख, उपप्रमुखहरूको निर्वाचकमण्डलबाट प्रदेशगत रूपमा हुने प्रबन्ध रहेको छ। यसर्थ राष्ट्रिय सभाको सदस्यका लागि आफ्नो निर्वाचन क्षेत्र भनेकै सम्बन्धित प्रदेश हुन आउँछ। सम्बन्धित प्रदेश सभाका सदस्य र प्रदेशभित्रका स्थानीय तहका प्रमुख तथा उपप्रमुख वा अध्यक्ष तथा उपाध्यक्ष नै मतदाताका रूपमा रहन्छन्। लोकतान्त्रिक शासन व्यवस्थामा आफूलाई निर्वाचित गर्ने मतदाताप्रति उत्तरदायी हुनुपर्ने आदर्श मान्यता रहेता पनि संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभाका सदस्यलाई आफ्ना मतदाताप्रति उत्तरदायी बनाउने बाध्यात्मक कानूनी संयन्त्रको अभाव रहेको पाइन्छ। राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २२६क. मा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्रको विकास निर्माण, शान्ति, सुव्यवस्थालगायतका विषयमा अध्ययन गरी प्रतिवेदन दिन सक्ने प्रबन्ध रहेतापनि कानून निर्माणको विषय अध्ययन गर्ने प्रबन्ध किटान रूपमा गरिएको पाउन सकिंदैन।

नेपालको संविधानको धारा २३२ मा संघीय तहहरूबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा हुने प्रबन्ध गरिएको छ। यसर्थ पनि आ-आफ्ना अधिकारक्षेत्रमा तीन वटै तह स्वायत्त हुँदाहुँदै पनि समन्वय र सहकार्यमार्फत निर्दिष्ट कार्य र जिम्मेवारी प्राप्तितर्फ अगाडि बढ्नुपर्ने कुरालाई संविधानले समेत बाध्यात्मक बनाएको अवस्था छ। संघीयतालाई संस्थागत गर्ने क्रममा रहेका हाम्रोजस्तो मुलुकका लागि यही नै हितकर र अत्यावश्यक समेत छ। आफ्ना निर्वाचकमण्डलप्रतिको उत्तरदायित्वका रूपमा समेत ग्रहण गरी विधायन व्यवस्थापन समितिबाट आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा केन्द्रित रही निर्धारित स्थानीय तहलाई नमूना मानी प्रस्तुत अध्ययन गरिएकोमा सम्बन्धित स्थानीय तहबाट समेत यसलाई निकै सकारात्मक रूपमा ग्रहण गरिएको अवस्था छ।

कानून निर्माणको समग्र अवस्था हेर्दा स्थानीय तहहरूले जनताको सबैभन्दा नजिकको सरकारको हैसियतमा सेवा प्रवाह गर्न आवश्यक पर्ने कानूनी प्रबन्ध गर्दै अगाडि बढेको अवस्था छ। संस्थागत हुँदै गरेका स्थानीय तहहरूबाट केही नमूना पहल र प्रयासहरू समेत भएको पाइएता पनि कतिपय प्रक्रियागत विषयमा, क्षेत्राधिकारका विषयमा समस्याहरू रहेको पाइयो। स्थानीय तह सञ्चालनका सम्बन्धमा आर्थिक र भौतिक स्रोतसम्म उपयुक्त नै रहेको भएतापनि विज्ञ मानवीय स्रोतको हकमा

केही समस्या रहेको पाइएको छ। तथापी लामो संस्थागत स्मरणले युक्त साविक स्थानीय निकायका जनशक्ति नै स्थानीय तहबाट सेवा प्रवाह र सेवा सञ्चालनका लागि आधारका रूपमा रहेको पाइन्छ। यद्यपी दुई वर्षअगाडि लोक सेवा आयोगबाट स्थानीय तहमा पदपूर्ति भएको जनशक्तिबाट विज्ञ जनशक्तिको अभावलाई पूर्ति गर्ने प्रयास भएको पाइन्छ।

स्थानीय तहको कानून निर्माण प्रक्रियालाई दृष्टिगत गर्दा स्थानीय तहबाट हुने सेवा प्रवाहलाई सूचारू बनाउने गरी जहाँ समस्या पर्छ तत्काल समस्या परेका विषयमा कानूनी प्रबन्ध गर्ने गरेको पाइयो। यद्यपी ति प्रबन्धहरू पर्याप्त र पूर्ण हुन नसकेको पाइएका छन्। कतिपय विधायिकी कानून बन्नु पर्ने विषयहरू समेत कार्यविधि, निर्देशिका मापदण्डजस्ता कार्यविधिगत उपकरणहरूबाट सम्बोधन भएको पाइयो, जसलाई व्यवस्थापिकीय अङ्ग र कार्यपालिकीय अङ्गबीचको शक्ति सन्तुलनका दृष्टिले उपयुक्त मान्न सकिदैन। त्यसमा स्थानीय तहहरूले आफूलाई सुधार गरी संस्थागत बनाउँदै दिगो समाधान खोज्नुपर्ने देखिन्छ।

कतिपय संघीय तहहरूबीच समन्वय हुनु पर्ने प्रकृतिका विषयमा सारभूत रूपमा समन्वय प्रभावकारी हुन नसकेको पाइएको छ, जसको छायाँ स्थानीय तहमा परेको अवस्था छ। कतिपय संघीय कानूनले नीतिगत मार्गदर्शन गर्नु पर्ने विषयहरूमा समेत अन्यौलता रहेको पाइएको छ, जुन संघीय तहका लागि समेत सिकाइका रूपमा प्राप्त भएको छ। संविधानतः स्थानीय कानून निर्माण सम्बन्धी प्रक्रिया प्रदेश कानून बमोजिम हुने प्रबन्धका कारण तहगत स्वायत्ततामा प्रश्न उठेको गुनासो समेत कतिपय स्थानीय तहहरूको रहेको थियो।

समग्रमा स्थानीय तहमा निर्वाचित पदाधिकारीले पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालमा रहेको वर्तमान अवस्थासम्मको अवस्थालाई धेरै उत्साजनक मान्न नसकिएतापनि धेरै असल अभ्यासहरूको सुरूवात भएको पाइएको छ। ती असल अभ्यासहरूलाई संस्थागत गर्दै स्रोत र साधनले युक्त बनाउँदै लैजान सके स्थानीय तहको विधायिकी अधिकारको प्रभावकारी उपयोग हुनुका साथै स्थानीय तहहरूलाई संस्थागत गर्नमा समेत योगदान पुग्ने देखिन्छ।

## ५.२. सुझाव

प्रस्तुत अध्ययनका आधारमा देहाय बमोजिमका सुझाव सिफारिस गरिएको छः-

**स्थानीय तहका लागि**

- संविधान बमोजिम समयमा कानून निर्माण, त्यसको कार्यान्वयन एवं मूल्याङ्कनको व्यवस्था हुनु पर्ने,

- सारवान विषयमा विधायिकी प्रक्रियाबाट नै कानून निर्माण गर्नु पर्ने, बनिसकेकालाई समेत विधायिकी प्रक्रियाबाट कानून बनाई विस्थापन गर्नु पर्ने,
- साझा अधिकारका विषयमा कानून निर्माण गर्दा सम्बन्धित संघीय कानून र प्रदेश कानूनसँग नबाझिने गरी तयार गर्ने, तत्सम्बन्धमा समन्वय तथा छलफल तथा परामर्श गर्नु पर्ने, र
- स्थानीय तहको विधायिकी प्रक्रियमा संस्थागत स्मरणलाई उपयोग गर्ने प्रबन्ध गर्ने,
- जनप्रतिनिधि निर्वाचित भएलगत्तै स्थानीय तहको विधायिकी क्षेत्राधिकार र कानून निर्माण प्रक्रिया सम्बन्धमा अभिमुखीकरण सञ्चालन गर्नु पर्ने।

**<u>प्रदेश तहका लागि</u>**

- स्थानीय तहको विधायिकी प्रक्रिया सम्बन्धमा समन्वय गर्नु पर्ने,
- तहगत रूपमा संयुक्त क्षेत्राधिकारका विषयमा शिघ्र कानून तर्जुमा गर्नु पर्ने,
- स्थानीय तहको कानून निर्माणमा सहजीकरणका लागि नमूना कानून मस्यौदा गरी सहजीकरण गर्नु पर्ने,
- साझा अधिकारका विषयमा कानून निर्माण गर्दा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा उल्लिखित प्रक्रिया अनिवार्य अवलम्बन गर्ने, र
- जनप्रतिनिधि र कर्मचारीहरूको विधायिकी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नु पर्ने।

**<u>संघीय तहका लागि</u>**

- दोहोरोपना रहेका तथा बाझिएका कानूनलाई स्पष्ट पार्नु पर्ने,
- स्थानीय तहका सरोकार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्नु पर्ने,
- तहगत रूपमा संयुक्त क्षेत्राधिकारका विषयमा शिघ्र कानून तर्जुमा गर्नु पर्ने,
- स्थानीय तहको कानून निर्माणमा सहजीकरणका नमूना कानून मस्यौदा गरी सहजीकरण गर्नु पर्ने,
- साझा अधिकारका विषयमा कानून निर्माण गर्दा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा उल्लिखित प्रक्रिया अनिवार्य अवलम्बन गर्ने, र
- जनप्रतिनिधि र कर्मचारीहरूको विधायिकी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनु पर्ने।

**अनुसूचीः**

**अध्ययनका क्रममा सहजीकरणका लागि तयार पारिएको प्रश्नावली**

संघीय संसद

## राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

*(प्रदेश तथा स्थानीय तहको कानून निर्माण सम्बन्धी अध्ययन, अनुगमनका लागि तयार पारिएको चेकलिष्ट)*

**अनुगमन गरिएको संघीय शासकीय तहः** ..................

**नामः** ........................................................ **ठेगानाः** ...................................

**क. लागू अवस्थामा रहेका कानूनहरू**

१. ऐनः .......... २. नियमः .......... ३. निर्देशिकाः ..........

४. कार्यविधिः .......... ५. मापदण्डः .......... ६. अन्य ........ः ..........

**ख. विधि निर्माण सुत्रको प्रयोगको अवस्था**

१. कानून निर्माण गर्दा विधि निर्माण शुत्रको प्रयोग गरिएको छ छैन ?

(१) छ (२) छैन

२. छैन भने विधि निर्माण शुत्र उल्लेख नगरी निर्मित कानूनको संख्या के कति छ ?

(१) नियमः .......... (२) निर्देशिकाः .......... (३) कार्यविधिः ..........

(४) मापदण्डः .......... (५) अन्य ........ः ..........

**ग. निर्मित कानूनमा संशोधनको अवस्था**

(१) आफैले पछिल्लो छ वर्षमा बनाएका कानूनहरू मध्ये कुन-कुन कानूनमा के-कति पटकसम्म संशोधन भएको छ ?

१. ऐनः .......... २. नियमः .......... ३. निर्देशिकाः ..........

४. कार्यविधिः .......... ५. मापदण्डः .......... ६. अन्य ........ः ..........

(२) ऐन संशोधन विधेयक ल्याउदाँ संशोधन गर्नुपर्नाको कारण र उद्देश्य तथा तीन महलेसहित विधेयक पेश हुने गरेको छ?

(१) छ (२) छैन

**घ. प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था**

(१) सर्वोच्च विधायनमा अधिनस्थ विधायन वा प्रत्यायोजित व्यवस्थापन सम्बन्धी व्यवस्था गर्ने गरिएको छ छैन?

(१) छ (२) छैन

(२) प्रत्यायोजित व्यवस्थापनमा विधि निर्माण सुत्र उल्लेख गरिएको छ छैन?

(१) छ (२) छैन (३) आंशिक रूपमा गरिएको छ

(३) प्रत्यायोजित व्यवस्थापन सम्बन्धमा सभालाई जानकारी गराउने गरिएको छ छैन?

(१) छ (२) छैन

**ङ. कानूनको कार्यान्वयन मूल्याङ्कन सम्बन्धी प्रबन्ध**

(१) ऐन निर्माण गर्दा कानूनको कार्यान्वयनको मूल्याङ्कन गर्ने सम्बन्धी प्रबन्ध गरिएको छ छैन?

(१) छ (२) छैन (३) केहीमा गरिएको छ

(२) प्रबन्ध गरिएको भए मूल्याङ्कन गर्ने जिम्मेवारी कुन निकायलाई प्रदान गरिएको छ?

(१) प्रबन्ध नै छैन (२) ...................................(उल्लेख गर्ने)

**च. कानून निर्माण प्रक्रिया**

१. विधेयक तर्जुमा सम्बन्धी छुट्टै कानून छ छैन ?

(१) छ (२) छैन

२. विधेयक तर्जुमाका क्रममा विज्ञ तथा सरोकारवालासँग छलफल गर्ने र सुझाव लिने गरिएको छ छैन?

(१) छ (२) छैन (३) आवश्यकतानुसार

३. विधेयकसाथ आउनुपर्ने कागजातहरू पूर्ण हुन्छन् हुदैनन्?

(१) हुन्छन् (२) हुदैनन् (३) अन्य ............................ (उल्लेख गर्ने)

४. विधेयकउपर प्राप्त हुने संशोधन प्रस्तावहरू दफा उल्लेख गरी वस्तुगत रूपमा प्राप्त हुने गरेका छन् छैनन् ?

(१) छन् (२) छैनन् (३) सुधार गर्नु पर्ने प्रकृतिकका छन्

५. संशोधन विधेयकमा संशोधन नपरेका असान्दर्भिक दफाहरूमा संशोधन पर्ने गरेको छ छैन ?

(१) छ (२) छैन

६. सभा वा समितिमा विधेयकउपरको दफावार छलफलमा संशोधनको सूचनाकर्तालाई पर्याप्त समय प्रदान गर्ने गरिएको छ छैन ?

(१) छ (२) छैन

७. विधेयक सर्वसम्मत रूपमा पारित हुन नसकेको अवस्थामा फरक मतलाई अभिलेखवद्ध गर्ने गरिएको छ छैन ?

(१) छ (२) छैन

**छ. कानूनी जनशक्तिको प्रबन्ध**

१. कानून निर्माणको समग्र प्रक्रियामा सम्बन्धित विषयको ज्ञान हासिल गरेका र सोही विषयमा काम गर्ने भनी तोकिएको कानूनी जनशक्ति छन् छैनन् ?

(१) रहेको (२) नरहेको (३) अन्य (केही भए): ......................

२. संगठन तथा व्यवस्थापन सर्वेक्षणमा कानूनसँग सम्बन्धित जनशक्ति रहने गरी प्रक्षेपण भएको छ छैन ?

(१) छ (२) छैन

**ज. संघीय तहबीच अन्तरसम्बन्ध र समन्वय**

१. संघ वा प्रदेशले कानून बनाउँदा संविधान बमोजिमको अधिकारक्षेत्रलाई विचार गरे नरेको के अवस्था छ ?

(१) बिचार गरेको छ (२) विचार गरेको छैन (३) कुनै दृष्टान्त भए,

(....................................................)

२. क्षेत्राधिकारको दोहोरोपनाले कानून निर्माणमा कुनै समस्या पारेको छ की ?

(१) छ (२) छैन (३) कुनै दृष्टान्त भए,

(....................................................)

३. संघ वा प्रदेशले कुनै कानून नबनाएका कारण स्थानीय तहमा परेका समस्या के छन् ?

(१) ......................................................................................

(२) ......................................................................................

(३) ......................................................................................

**झ. सवल पक्ष**

१. ..........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

**ञ. दुर्वल पक्ष**

१. ..........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

**ट. समस्या तथा चुनौती**

१. ..........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................

**ठ. सुझाव तथा सिफारिस**

१. ..........................................................................................................

२. ...........................................................................................................

३. ...........................................................................................................